प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
कृषि विकास निर्देशनालय

# कृषि ज्ञान केन्द्र, इलाम

प्रदेश नं.१, नेपाल

## प्रस्ताव आह्वान सम्बन्धी सूचना

(प्रथम पटक प्रकाशित मिति २०७८/१०/१७)

कृषि ज्ञान केन्द्र ईलामको चालु आ.व. ०७८/०७९ को वार्षिक स्वीकृत कार्यक्रम अन्तर्गत संघिय सरकार (कृषि तथा पशुपंक्षी विकास मन्त्रालय, कृषि विभाग) बाट सशर्त वित्तीय हस्तान्तरण मार्फत प्राप्त भएको प्रदेशमा संचालन हुने **प्राङ्गारिक कृषि प्रवर्द्धन मिशन कार्यक्रम** अन्तर्गत ईलाम जिल्लाको तपशिल बमोजिमका स्थानिय तहहरुमा कार्यक्रम संचालनका लागि **प्राङ्गारिक कृषि प्रवर्द्धन कार्यक्रम संचालन प्रक्रिया, २०७७** अनुसारको सम्भाग २ अन्तर्गत तोकिएको मापदण्ड पुरा गरि तपशिल बमोजिमका क्रियाकलापहरु संचालन गर्न सम्बन्धित स्थानिय तह भित्रका ईच्छुक कृषि फर्म/कृषक समुह/कृषि सहकारीहरुलाई यो सुचना प्रथम पटक प्रकाशित भएको मितिले एक्काईस (२१) दिन भित्र अर्थात मिति **२०७८/११/०८** गते आईतबारका दिन कार्यालय समय भित्र कार्यालयले उपलब्ध गराएको निर्दिष्ट फर्मेटमा तपशिल बमोजिमका आवश्यक कागजातहरु संलग्न गरी प्रस्तावना पेश गर्नका लागि यो सुचना प्रकाशित गरिएको छ। साथै रित नपुगेका र म्याद नाघी प्राप्त हुन आएका निवेदनहरु उपर कुनै कारवाही नहुने व्यहोरा समेत जानकारी गराईन्छ।

### संचालन हुने क्रियाकलापहरुको विवरण

<table>
<tr><th>क.स.</th><th colspan="2">संचालन हुने क्रियाकलापहरु</th><th>आवश्यक पर्ने न्युनतम जग्गाको मापदण्ड</th><th>प्रस्तावना पेश गर्न सक्ने स्थानिय तहहरु</th><th>अनुदान सहुलियत (%)</th></tr>
<tr><td>१.</td><td colspan="2">नमुना प्रदर्शन कार्यक्रम</td><td>कम्तिमा ६० रोपनीको एक क्लष्टर हुनुपर्ने</td><td rowspan="5">ईलाम नगरपालिका<br>माई नगरपालिका<br>चुलाचुली गाउँपालिका<br>फाकफोकथुम गाउँपालिका<br>रोङ गाउँपालिका<br>माङ्सेबुङ गाउँपालिका<br>सन्दकपुर गाउँपालिका<br>माईजोगमाई गाउँपालिका</td><td rowspan="5">चार वटै क्रियाकलाप हरुको लागि अधिकतम ५०% अनुदान सहयोग उपलब्ध गराईने</td></tr>
<tr><td rowspan="2">२.</td><td rowspan="2">संरक्षित संरचनामा उत्पादन कार्यक्रम</td><td>नयाँ संरचना निर्माण कार्यक्रम</td><td rowspan="2">एकल फर्मको हकमा कम्तिमा ३ रोपनी र<br>समुह/सहकारीको हकमा समुहका सदस्य संख्याको आधारमा प्रति सदस्य १ रोपनीका दरले</td></tr>
<tr><td>पुरानो संरचना सुधार कार्यक्रम</td></tr>
<tr><td>३.</td><td colspan="2">खुल्ला जमिनमा उत्पादन कार्यक्रम</td><td>एकल फर्मको हकमा कम्तिमा ५ रोपनी र समुह/सहकारीको हकमा कम्तिमा ६० रोपनी</td></tr>
<tr><td>४.</td><td colspan="3">बजार प्रवर्द्धन कार्यक्रम</td></tr>
</table>

२०७८/१०/१६
टोनी बर्देवा
निमित्त प्रमुख

प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
कृषि विकास निर्देशनालय
**कृषि ज्ञान केन्द्र, इलाम**
प्रदेश नं.१, नेपाल

## संलग्न गर्नुपर्ने आवश्यक कागजातहरु

१. रू.१० को हुलाक टिकट टाँस गरिएको तोकिएको ढाँचा अनुसारको निवेदन
२. कार्यक्रम संचालनको लागि कार्यालयले उपलब्ध गराएको फर्मेट अनुसारको प्रस्तावना
३. फर्म/ समुह/ सहकारी दर्ताको प्रमाण पत्रको प्रतिलिपि
४. फर्म/ समुह/ सहकारी नविकरण प्रमाण पत्रको प्रतिलिपि तथा कार्यक्रम संचालन गर्न गरेको बैठकको निर्णयको प्रतिलिपि
५. संस्थाको स्थायी लेखा नम्बर (PAN) प्रमाण पत्रको प्रतिलिपि
६. नेपाली नागरिकताको प्रमाण पत्रको प्रतिलिपि
७. सहकारी संस्थाको हकमा गत आ.व. ०७७/०७८ को लेखा परिक्षणको प्रमाणित प्रतिलिपि
८. गत आ.व. ०७७/०७८ को कर चुक्ता प्रमाण पत्रको प्रतिलिपि
९. स्थानिय तह कृषि विकास शाखाको सिफारिस
१०. स्थानिय तहको सम्बन्धित वडा कार्यालयको सिफारिस
११. कार्यक्रम संचालनका लागि आवश्यक जग्गाको लालपूर्जाको प्रतिलिपि वा करारमा लिएको जग्गाको हकमा न्युनतम १० वर्ष करार सम्झौता गरेको सम्झौता पत्रको प्रतिलिपि
१२. यदि सार्वजनिक जग्गामा कार्यक्रम संचालन गर्ने भए सम्बन्धित स्थानिय तहको सिफारिस पत्र
१३. स्थानिय तहबाट लागत साझेदारीमा कार्यक्रम संचालन हुने भए, लागत साझेदारी रकम उल्लेख गरिएको सिफारिस पत्र
१४. प्राविधिक ज्ञान, सिप, अनुभव तथा तालिम लिएको भए, त्यसको प्रमाणको प्रतिलिपि
१५. आवेदकले दोहोरो पर्ने गरी यसै कार्यका लागि अन्य निकायबाट अनुदान नलिएको र नलिने स्वः घोषणा पत्र
१६. संस्थागत (समुह /सहकारी/फर्म) ले प्रति आवेदन रू २००/- को सक्कल बैंक भौचर नेपाल बैक लिमिटेड ईलाम शाखाको खाता नं २७००२०००००१००१००००००१ (अन्य प्रशासनिक दस्तुर, प्रदेश सरकार), राजस्व शिर्षक नं १४२२९, कार्यालय कोड नं ३१२०१०३०११ मा आवेदन दस्तुर जम्मा गरि सोको सक्कल भौचर अनुवार्य रुपमा पेश गर्नुपर्नेछ।

**नोटः** प्राङ्गारिक कृषि प्रवर्द्धन कार्यक्रम संचालन प्रक्रिया, २०७७ बमोजिम माथी उल्लेखित क्रियाकलापहरु **तरकारी बालीमा** संचालन गरिनेछ। साथै यो कार्यक्रम ईलामको सूर्योदय न.पा र देउमाई न.पा मा गत वर्ष नै संचालन भईसकेको छ। विस्तृत जानकारीको लागि कृषि ज्ञान केन्द्र, ईलामको फोन नं ०२७-५२३०४६/०४७, मोबाईल नम्बर ९८५२६८१६६८/९८४२०७०६१४ साथै कार्यालयको वेबसाईट https://ilam.akc.gov.np र फेसबुकमा कृषि ज्ञान केन्द्र ईलाम सर्च गरी जानकारी लिन सक्नुहुनेछ। साथै कार्यक्रम संचालन हुने सम्बन्धित स्थानिय तहको कृषि विकास शाखा र वडा कार्यालयहरुबाट पनि थप जानकारी लिन सक्नुहुनेछ।

टोनी बर्देवा
निमित्त प्रमुख